# आदिपुर्खाका नवीन संस्करण

धीरकुमार श्रेष्ठ

मानिसको आदिपुर्खा बाँदर भए पनि आजभोलि बाँदरको जस्तो पुच्छर मानिससँग छैन । त्यसैले पुच्छर भएको बाँदरबाट पुच्छर नभएको मानिसमा परिणत भएको दिन जसरी खबर असाधारण बन्यो होला, त्यसै गरी आजभोलि पुच्छर भएको मानिस फेला पर्‍यो भने अन्तर्राष्ट्रिय खबर बन्छ । संसारभरिका पत्रकारहरू पुच्छर भएको मानिसको फोटो खिच्न र त्यससम्बन्धी समाचार सङ्कलन गर्न उछिनपाछिन गर्छन् । अरूभन्दा अगाडि दिएको खबर मात्र महत्त्वपूर्ण हुन्छ भन्ने थाहा पाएका पत्रकारहरू रातारात बुर्कुसी मारेर अरूभन्दा पहिला पुग्छन् ।

केही दिनअगाडि यस्तै भयो । छिमेकी देशको कुनै प्रान्तमा पुच्छर भएको मानिस फेला पर्‍यो भन्ने खबरले सनसनी फैलियो । सबै त्यस बाँदररूपी मनुवालाई हेर्न भातपानी छाडेर कुदे । खबर सर्वाधिक महत्त्वका साथ संसारभरि प्रसारित भयो ।

छिमेकी देशमा फेला परेका एकजना आदिपुर्खाका एक्काइसौँ शताब्दीका नवीन अवतारलाई हेर्न बिजुलीवेगमा कुद्ने पत्रकारहरू हाम्रा देशमा पाइने असङ्ख्य बाँदरमुखे स्वभाव बोकेका मनुवा हेर्न मनै गर्दैनन् । अचम्म ! यतिका आदिपुर्खाका सन्तानले आफ्नो चर्तिकलालाई खुला डबलीमा नाङ्गो नाचेर देखाइरहँदा पनि वास्ता गर्दैनन् । आज 'बोलेको कुरा'लाई भोलि 'होइन'भन्दा पनि कसैले केही भन्दैनन् । कति बेला के बोल्नुपर्छ भन्ने ठेगान नभएका यी जति बेला जे मन लाग्यो त्यही बोल्छन् । तैपनि यिनलाई सात खत माफ छ । पिठ्यूँ डामेर छाडेका साँढेजस्ता जथाभावी डुक्रिहिँड्दा पनि कसैले लाठो उचाल्ने त के छुनेसम्म साहस गर्दैनन् । त्यसैले यिनलाई जे बोल्न र जे गर्न पनि छुट छ । कसैले क्यै भन्दैनन् ।

यस्ता अचम्मका जीव हाम्रा देशमा पाइएको हो । आदिपुर्खा र यिनमा एउटा भिन्नता स्पष्ट छ । आदिपुर्खाहरू अरूको भत्काउनुभन्दा पहिला आफ्नो भत्काउँथे । अरूको घर भत्काउँदा आफ्नो पनि बनाउँदैनथे । त्यसका विपरीत यी एक्काइसौँ शताब्दीका आदिपुर्खाका अवशेषहरू पहिला अरूको घर भत्काउँछन् अनि आफ्नो बनाउँछन् । अरूको नभत्काई आफ्नो बनाउन यी जान्दै जान्दैनन् । त्यसका लागि तीन तिकड्म चौध घुस्सा लगाउन परे पनि पछि पर्दैनन् । लासमाथि आश गरी शासन गर्न र बहिराका अगाडि पाखुरा सुर्कदै भासन गर्न यिनलाई यौनानन्दभन्दा बढी मूत्रानन्दको न्यानो अनुभव हुन्छ ।

सार्वजनिक स्थानमा नाङ्गो नाच्न यिनलाई रत्तिभर सरम हुँदैन । देखादेखी नौटङ्की गर्न आदिपुर्खाले त के ! आदिपुर्खाका पुर्खाको पनि क्यै जोर चल्दैन । सूर्यलाई हत्केलाले छोपेर अँध्यारो पार्न कसैले सिकाउनुपरेको छैन । यिनका नौटङ्की देखेर रमाईरमाई ताली पिटिरहेका दर्शक देखे, झन् लाज माथि सार्दैसार्दै नाच्छन् । यो दिन्छु र त्यो दिन्छु भनेर क्यै दिन नसके पनि दर्शकलाई भरपुर निःशुल्क मनोरञ्जन भने दिन्छन् ।

देश र जनताको सेवा गर्ने वचन दिएर छानिएपछि त्यता जाने बाटै बिर्सन्छन् । चौबीसै घण्टा कुर्सीमात्र ताक्छन् । कुर्सी पाउन गर्न हुने र नहुनेको सीमारेखा मेटिन्छ । बल्लतल्ल पाएको कुर्सी गुम्ला भन्ने चिन्ताले रातको निद्रा र दिनको भोक हरिन्छ । कुर्सीको बकुलाध्यानमा यति लीन हुन्छन् कि कट्टु खुस्काएको समेत चाल पाउन्नन् । त्यसो त कुर्सी पाउने भएपछि आफैँ आफ्नो कट्टु खोल्न तयार हुनेलाई अरूले खुस्काए पनि के फरक पर्छ र ! यस्ता एउटाले बिराउने शाखा पिराउने गरिराखेका छन् । एउटाले गर्दा सबैको नाम बदनाम गरिराखेका छन् । यिनलाई चिनेर बेलैमा

उपचार गरे ...सकेपछि दैलो देख्न पर्दैन ! होइन र ?